नेपालको पहिलो बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
स्थापित वि.सं. १९९४

प्रधान कार्यालय
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
धर्मपथ, काठमाडौं ।

नेबैंलि/सिईओ/८३/२०६ मिति: २०७७/१२/१०

## प्रधान कार्यालय

## प्रेस बिज्ञप्ती

# उद्यमशिलता तथा बित्तिय साक्षरता सम्बन्धि तालिम सम्पन्न

नेपाल बैंक लिमिटेड एवं राष्ट्रिय युवा परिषद संगको सहकार्यमा भक्तपुर जिल्ला स्थित चागुनारायण नगरपालिकाको मेयर उद्यमशिलता कार्यक्रम २०७७ अन्तर्गत आयोजित सप्ताहब्यापी उद्यमशिलता तथा बित्तिय साक्षरता सम्बन्धि तालिम चाँगुनारायण नगरपालिका दुवाकोट स्थित नेपाल ईन्जिनियरिङ्ग कलेजमा संचालन भएको छ ।

चाँगुनारायण नगरपालिका भित्रका एक हजार भन्दा बढी आबेदनबाट अभिमुखीकरण पश्चात वडा नं. १ देखी १० सम्मका ३९० जना प्रशिक्षार्थी छनौटगरी बिभिन्न १० समुहमा बर्गिकरण गरी संचालित उक्त तालिम कार्यक्रम बाट आफ्नो ब्यबशाय कसरी छनौट गर्ने र कसरी सुरुवात गर्ने (Generate your Business र Start Your Business) भन्ने अवधारणाको बिकास गराइएको थियो । नगरपालिका क्षेत्रका कृषि तथा पशुजन्य व्यवशाय, पर्यटन व्यवसाय तथा उद्यमशीलता प्रबर्द्धन गरी सबैलाई स्वावलम्बन तथा स्वरोजगार बनाउने मुख्य उदेश्य भएको उक्त कार्यक्रम अनुसार सहभागीहरुलाई नेपाल बैंक लिमिटेडले प्रथम चरणमा सहुलियतपूर्ण कर्जा अन्तर्गत तिनसय जनालाई बिना धितो रु. ३ लाख सम्म कर्जा उपलब्ध गराउनेछ । नगरपालिकाको मेयर उद्यमशीलता विकास कार्यक्रम निर्देशिका २०७७ तथा सहुलियतपूर्ण कर्जामा उद्यम व्यवशायकालागी ब्याज अनुदान सम्बन्धि कार्यबिधि २०७७ बाट निर्दिष्ट गरिएबमोजिम तथा नेपाल राष्ट्रबैंक द्वारा जारी निर्देशन तथा नेपाल बैंक लि. को "सहुलियतपूर्ण कर्जाको एकिकृत कार्यबिधि, २०७५" को ब्यबस्था बमोजिम उक्त कर्जाहरु उपभोग गराइने छ ।

नेपाल बैंक लिमिटेडले हाल सम्म बिभिन्न स्थानिय पालिकाहरुसंग यस प्रकारको सम्झौतागरी सहुलियतपूर्ण कर्जाहरु उपभोग गराउँदै आएको भएतापनि यस प्रकारको तालिम संचालनमा सहकार्य गरिएको यो पहिलो पटक हो । उक्त अवसरमा नेपाल बैंक लिमिटेडका सहायक प्रमुख कार्यकारी अधिकृत श्री प्रकाश कुमार अधिकारीले यस प्रकारका तालिम हरुले स्वरोजगारी सृजनागर्न तथा उपयुक्त व्यवसायको छनौट तथा संचालन गरी सफलता चुम्न सक्षम बनाउने बिचार व्यक्त गर्नुभयो ।

चाँगुनारायण नगरपालिकाका मेयर श्री सोम प्रसाद मिश्रको अध्यक्षतामा सम्पन्न उक्त समापन समारोहमा राष्ट्रिय युवा परिषदका कार्यकारी अध्यक्ष श्री माधव ढुङ्गेल, नेफस्कुनका अध्यक्ष श्री पारुतोष पौडेल, उद्योगी ब्यवसायी श्री पवन गोल्याण, नेपाल ईन्जिनियरिङ्ग कलेजका अध्यक्ष श्री हरिकृष्ण श्रेष्ठ लगायतका बिशिष्ठ ब्यक्तित्वहरुले आफ्नो बिचार ब्यक्त गर्दै सहभागीहरुलाई सफलताको शुभकामना दिनुभएको थियो ।

मिति: २०७७ चैत्र १० गते मंगलबार

प्रकाशकुमार अधिकारी
प्रवक्ता


"पर्यटन, कृषि र सामाजिक पूर्वाधार, समृद्ध चाँगुनारायणको मूल आधार"
चाँगुनारायण नगरपालिका
खरिपाटी,भक्तपुर
बागमती प्रदेश, नेपाल
सहुलियपूर्ण कर्जा सहजीकरणका लागि उद्यमशीलता तथा वित्तीय साक्षरता सम्बन्धी
"Generate Your Business / Start Your Business"
समारोह

